# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# वित्तीय संस्थाको गुणात्मक वृद्धि अपरिहार्य : गभर्नर डा. खतिवडा

गभर्नर डा. युवराज खतिवडाले बैंक तथा वित्तीय संस्थाहरुको संख्या बिस्तारै सन्तुलनतर्फ आउन थाले पनि गुणात्मक वृद्धिका लागि अझै प्रयासरत रहनु पर्ने बताउनु भएको छ । साविक किष्ट बैंक लि., प्रभु विकास बैंक लि., गौरिशंकर डेभलपमेण्ट बैंक लि. र जेनिथ फाइनान्स लि. एकापसमा मिलेर बनेको प्रभु बैंक लि. को कारोबार शुभारम्भको अवसरमा आयोजित समारोहमा प्रमुख अतिथिका रुपमा बोल्दै उहाँले सो कुरा बताउनु भएको हो ।




समारोहलाई सम्बोधन गर्दै उहाँले बैंक तथा वित्तीय संस्था अधिक उपस्थितिबाट वित्तीय क्षेत्रमा धेरै समस्या निम्तिएको जनाउँदै सम्भावित दुर्घटनाबाट बच्न तथा सबल र सक्षम संस्था निर्माण गर्नका लागि पनि मर्जर आवश्यक रहेको धारणा राख्नुभयो । देशले धान्न सक्ने संख्यामा मात्र बैंक तथा वित्तीय संस्था रहनु वित्तीय क्षेत्रका लागि स्वस्थकर हुने उहाँको विचार थियो ।

कृत्रिम ढंगले र व्यक्तिगत महत्वाकांक्षाका आधारमा व्यवसाय विस्तार गर्न खोज्दा संस्थालाई नै हानी हुने उल्लेख गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाहरुलाई सुशासनमा रहन र व्यवसायको गुणात्मक तथा प्राकृतिक विकास गरी ग्राहकलाई सरल र सहज सेवा दिन सुझाव दिनुभयो । सम्बोधनका क्रममा उहाँले देशको बैंकिङ प्रणाली सुदृढ बनाउनका लागि नेपाल राष्ट्र बैंक सदा सचेत रहेको पनि उल्लेख गर्नुभयो ।

पर्यटन, जलविद्युत, संचार, यातायातजस्ता पूर्वाधार क्षेत्रमा व्यवसायिक लगानीका संभावनाहरु रहेकोले लगानी मैत्री वातावरण बनाउँदै अगाडि बढ्न आवश्यक रहेको तथा यस्तो अवसरको लाभ मुलुकभित्रको वित्तीय प्रणालीले लिन सक्नु पर्ने गभर्नर डा. खतिवडाको कथन थियो ।

आज आयोजित सो एकीकृत कारोवार शुभारम्भ समारोहमा नेपालका बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु, बैंकर्स संघका पदाधिकारीहरु, उद्योगी तथा व्यापारीहरु लगायतको उपस्थिति थियो ।

२०७१ भदौ ३० गते, सोमबार

गभर्नरको कार्यालय